आज मिति २०७८ साल पौष २२ गते बिहिबारका दिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा DCCMC को बैंठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री उमेश कुमार ढकाल | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री बिरेन्द्र प्रधान | नि.मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मनोज कार्की | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री रमेश कुमार बस्नेत | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री छविरमण भट्टराई | नि.जि.स.अ., जिल्ला समन्वय समिति, पर्सा |
| सदस्य श्री समीर तिमिल्सीना | अनु. अधिकृत, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित**

| | |
|---|---|
| स.प्र.जि.अ. श्री खगेन्द्र बहादुर मल्ल, | जिल्ला प्रशासन कार्यालय, पर्सा |
| नि.का.प्र. श्री नवल किशोर साह, | स्वास्थ्य कार्यालय, पर्सा |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को

## मिति २०७८-०९-२२ गतेको निर्णय

१. मन्त्रिपरिषद्को मिति २०७८-०९-०८ गते बसेको बैठकको निर्णय र प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको च.नं. ४७०, मिति २०७८-०८-०९ गतेको परिपत्रको विषयमा बैठकमा सबै सदस्यहरुलाई जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. कोभिड-१९ भाईरसको पटक पटक भईरहेको रुप परिवर्तनको कारणले कोभिड-१९ को नयाँ भेरियन्टले महामारीको जोखिम बढ्ने देखिएकोले सोको पूर्व तयारी तथा व्यवस्थापनको लागि संघ र प्रदेश सरकारबाट प्राप्त कोभिड कोषबाट आवश्यकता अनुसार मास्क, सेनिटाईजर लगायतका सामग्रीहरु खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

३. बीरगंज ईनर्वा नाकामा स्थापित Health Desk लाई सुविधायुक्त र थप व्यवस्थित बनाउने निर्णय गरियो ।

४. बीरगंज महानगरपालिका क्षेत्र भित्र हाल संचालित खोपकेन्द्रहरु अपर्याप्त भएकोले तपसिल बमोजिमका कार्यालय र क्षेत्रमा थप खोप केन्द्रहरु स्थापना गरी खोप अभियानलाई थप प्रभावकारी बनाउने ।

तपसिल

क. जिल्ला प्रशासन कार्यालय, पर्सा

ख. भूमीसुधार तथा मालपोत कार्यालय, पर्सा

ग. घण्टाघर क्षेत्र

घ. सामुदायीक प्रहरी केन्द्र, आदर्शनगर

ङ. बसपार्क क्षेत्र

५. बढी भिडभाड हुने कार्यालयमा अनिवार्य मास्क प्रयोग गर्ने/गराउने तथा सचेतनामूलक सूचना बनाई प्रचार प्रसार गर्ने ।

६. कोभिड-१९ को चेक जाँचको व्यवस्था सबै स्थानीय तहले अनिवार्य रुपले गर्ने व्यवस्था मिलाउने ।

७. स्वास्थ्य कर्यालय पर्सामा प्राप्त जोनसोन एण्ड जोनसोन खोप आवश्यकता अनुसार सबै स्थानीय तहमा पठाउने ।

८. कोभिड-१९ को नयाँ भरियन्ट ओमिक्रोमको संक्रमण तथा जोखिमलाई मध्यनजर गरी जिल्ला स्थित स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी तथा जनशक्तिलाई अति आवश्यक काम बाहेक लामो विदा नदिन सम्बन्धित सबैलाई अनुरोध गर्ने ।